नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

आज मिति २०७९ साल भाद्र १७ गते शुक्रबारका दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका **माननीय मन्त्री श्री दिलेन्द्रप्रसाद बडूज्यू**को समुपस्थितिमा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र र राष्ट्रिय आविष्कार केन्द्र, काठमाडौंबीच लघु, घरेलु तथा साना उद्योगको लागि आवश्यक पर्ने प्रविधिको अध्ययन, अनुसन्धान र विकासको लागि सहयोग आदान प्रदान सम्वन्धी समझदारीपत्रमा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका निमित्त कार्यकारी अधिकृत श्री विष्णु प्रसाद भुसाल र राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. महाविर पुनबाट हस्ताक्षर सम्पन्न भयो ।

उक्त समझदारी पत्रमा राष्ट्रिय आविष्कार केन्द्रलाई लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट लघु, घरेलु तथा साना उद्योगका लागि आवश्यक पर्ने प्रविधिको अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन र विकासका लागि चालिस लाख रूपैयाँ उपलब्ध गराउने र प्रविधिको अध्ययन, अनुसन्धान तथा विकास कार्यमा संयुक्त रुपमा समन्वय, सहकार्य र सहयोग आदानप्रदान गर्ने विषय उल्लेख गरिएको छ।

हस्ताक्षर कार्यक्रममा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका नि. कार्यकारी अधिकृतबाट स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। डा. महाविर पुनले सरकार र आविष्कार केन्द्रबीच भएको यो समझदारी एउटा महत्वपूर्ण सुरुवात भएको उल्लेख गर्दै आफुले लघु, घरेलु र साना उद्योगलाई चाहिने प्रविधिको अनुसन्धान गरिरहेको र यसबाट लघु, घरेलु तथा साना उद्योगीहरू लाभान्वित हुनसक्ने बताउनु भयो। साथै उहाँले अनुसन्धानबिना उद्यमी बन्न नसकिने विचार व्यक्त गर्नुभयो। मन्तव्यका क्रममा सचिव डा. तोयनारायण ज्ञवालीले औद्योगिक अनुसन्धान र उत्पादनका विभिन्न पक्षहरुमा उल्लेख गर्दै आविष्कार केन्द्र र मन्त्रालयवीच समन्वय र सहकार्यका पर्याप्त क्षेत्रहरु रहेको र आगामी दिनमा ती क्षेत्रहरुमा समेत सहकार्य र सहयोग आदान प्रदान गर्दै जाने वताउनु भयो । कार्यक्रमलाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले गाउँमा रोजगारीको आधार सृजना गर्न राष्ट्रिय आविष्कार केन्द्रले लघु, घरेलु तथा साना उद्योगलाई आवश्यक पर्ने प्रविधिको अध्ययन, अनुसन्धान र विकास मार्फत पुर्‍याएको योगदानको प्रशंसा गर्नु भयो। उहाँले नेपालको ग्रामीण अर्थतन्त्रलाई उकास्न स्थानीय श्रम, सीप, पुंजी, प्रविधि र कच्चा पदार्थमा आधारित उद्योगहरूको विकास र प्रवर्द्धन गर्न अपरिहार्य रहेको र यस कार्यमा राष्ट्रिय आविष्कार केन्द्रसँग थप सहकार्य गर्दै जाने बताउनुभयो।

उक्त कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका महाशाखा प्रमुख, विभागीय प्रमुख, मन्त्रालय तथा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका कर्मचारीहरु र सञ्चारकर्मीहरुको समेत उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका सि.डि.ई. अमित आचार्यले गर्नु भएको थियो।

१७।५।७९

डा. नारायण प्रसाद रेग्मी
सहसचिव/प्रवक्ता